वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २४१ | २०८२ माघ ०५ गते सोमबार, नेपाल सम्वत् ११४६ January 19, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## खानेपानी संकलन ट्याङ्की निर्माण

तनहुँको भानु नगरपालिका-१३ रयाले बर्खोलामा भानु-१२ का पूर्व वडा अध्यक्ष विमल गुरूङको पहलमा आर्थिक संकलन गरी निर्माण गरिएको २० हजार लिटर क्षमताको खानेपानी संकलन ट्याङ्की । युकेस्थित Portland and Poundbury Rotary Club को सहयोग तथा रबिन गुरूङको पहलमा ग्रामीण क्षेत्रका खानेपानी समस्या समाधानका लागि आवश्यक क्षेत्र पहिचान गरी हालसम्म २० भन्दा बढी पानी ट्याङ्की निर्माण गरिएको बताइएको छ ।

*तस्विर : भञ्ज्याङ*

# पाँचौं राष्ट्रिय बाखा दिवस : बाखापालन मार्फत आत्मनिर्भर ग्रामीण अर्थतन्त्रतर्फ कदम

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

ग्रामीण अर्थतन्त्र सुदृढीकरण, रोजगारी सिर्जना र आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने उद्देश्यसहित तनहुँको बन्दीपुरमा पाँचौं राष्ट्रिय बाखा दिवस मनाइएको छ। "व्यावसायिक सफलताको एक आधार: बाखामा नश्ल सुधार" भन्ने नारासहित आइतबार बन्दीपुरको टुँडिखेलमा आयोजित कार्यक्रममा जिल्लाभरका किसान, जनप्रतिनिधि, प्राविधिक तथा सरोकारवाला निकायहरूको उल्लेख्य सहभागिता रहेको थियो।

राष्ट्रिय बाखा अनुसन्धान कार्यक्रम बन्दीपुर, तनहुँद्वारा आयोजित कार्यक्रमले बाखापालनलाई आयआर्जन, रोजगारी र सामाजिक रूपान्तरणको प्रभावकारी माध्यमका रूपमा अघि सारेको छ।

नेपाल व्यावसायिक बाखापालक महासंघका केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेश अध्यक्ष यमप्रसाद आचार्यले सहजिकरण गरेको कार्यक्रममा राष्ट्रिय बाखा अनुसन्धान कार्यक्रम बन्दीपुरका संयोजक डा. राजु आचार्यले कार्यक्रमका विषयमा जानकारी गराएका थिए ।

कार्यक्रममा बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले स्थानीय सरकारले बाखापालनलाई प्राथमिक क्षेत्रका रूपमा अघि बढाउँदै नश्ल सुधार, प्रविधि हस्तान्तरण र बजार व्यवस्थापनमा सहकार्य विस्तार गरिने बताए । भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले युवा र महिलालाई लक्षित व्यावसायिक बाखापालनले गाउँमै रोजगारी र समृद्धिको ढोका खोल्ने उल्लेख गरे।

कार्यक्रममा भानु नगरपालिकाकी उपप्रमुख उमा गोतामे, बन्दीपुर गाउँपालिकाकी उपाध्यक्ष पञ्चमाया गुरूङ, वडा अध्यक्षहरु शिवकुमार श्रेष्ठ र तिलकबहादुर कुँवरलगायतको उपस्थिति रहेको थियो। उनीहरूले उत्पादनदेखि बजारीकरणसम्म स्थानीय तहको भूमिका निर्णायक हुने बताए ।

नेपाल व्यावसायिक बाखापालक महासंघका केन्द्रीय सचिव कुशलचन्द्र अधिकारीले किसानमुखी नीति र संस्थागत सहकार्य अपरिहार्य रहेको बताए भने भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तनहुँका प्रमुख रबिन्सन अधिकारीले रोग नियन्त्रण, खोप कार्यक्रम र प्राविधिक सेवाको पहुँच विस्तारमा जोड दिए ।

राष्ट्रिय बाखा अनुसन्धान कार्यक्रम बन्दीपुरका वरिष्ठ प्राविधिक अधिकृत बुद्धिराम आचार्यको अध्यक्षतामा भएको प्राविधिक सत्रमा अनुसन्धान र किसानबीचको दूरी घटाउँदै व्यवहारिक परिणाममा केन्द्रित हुनुपर्ने विषय उठान गरिएको थियो।

कार्यक्रमका अवसरमा पशुसेवा शाखाको सिफारिसका आधारमा जिल्लाका विभिन्न पालिकाबाट छनोट गरिएका २० जना उत्कृष्ट बाखापालक कृषकलाई सम्मान गरिएको छ । सम्मानित कृषकहरूमा बन्दीपुर गाउँपालिका-६ की रिता चित्रकार, बन्दीपुर-१ की भागीरथी अधिकारी, भानु नगरपालिका-१० का धनबहादुर गुरूङ, भानु-४ की आसामाया कुमाल, ऋषिङ गाउँपालिका-२ का नारायण राना, ऋषिङ-५ का माधव गौतम, म्याग्दे-५ का सामेल गुरूङ, म्याग्दे-६ का दानबहादुर आले, घिरिङ-२ की सिता थापा, घिरिङ-३ का किशान श्रेष्ठ, आँबुखैरेनी-१ का पूर्णबहादुर मगर, आँबुखैरेनी-४ का बुद्धिबहादुर गुरूङ, व्यास नगरपालिका-१० का बाबुराम पौडेल, व्यास-१४ का सन्तोष आले, शुक्लागण्डकी नगरपालिकाका अभिषेक थापा मगर र पाण्डव लामिछाने, भिमाद-९ का शिवकुमार आले र याममाया क्षेत्री तथा देवघाट गाउँपालिका-३ का मोहनकुमार श्रेष्ठ र गौरिमान आले रहेका छन् ।



आयोजकका अनुसार दुर्गम क्षेत्रमा निरन्तर मेहनत गरेका कृषक, महिला तथा आदिवासी जनजाति समुदायका कृषक, वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमै व्यवसाय सुरू गरेका युवा तथा पकेट प्रणालीमार्फत सामूहिक उत्पादन बढाएका कृषकलाई सम्मान गरिएको हो। कार्यक्रमले बाखापालनलाई दिगो, व्यावसायिक र सम्मानजनक पेशाका रूपमा स्थापित गर्दै ग्रामीण विकासको बलियो आधार बन्न सक्ने सन्देश दिएको आयोजकले जनाएको छ ।

# प्रतिनिधिसभा निर्वाचन : तनहुँमा कांग्रेस बाहेक प्रमुख दलका उम्मेदवारको टुङ्गो

**भञ्ज्याङ समाचारदाता/दमौली**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा नेपाली कांग्रेस बाहेकका प्रमुख राजनीतिक दलले उम्मेदवार टुङ्ग्याएका छन् । नेकपा एमाले, नेकपा तथा उज्यालो नेपाल पार्टीले दुवै निर्वाचन क्षेत्रका उम्मेदवार सार्वजनिक गरिसकेका छन् भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट पनि उम्मेदवार टुङ्गो लागेको छ ।

नेकपा एमालेले क्षेत्र नं. १ बाट भगवती न्यौपानेलाई उम्मेदवार बनाउने निर्णय गरेको छ भने क्षेत्र नं. २ बाट केदार सिग्देललाई उम्मेदवार बनाइएको नेकपा एमालेका जिल्ला अध्यक्ष हरिराज कँडेलले जानकारी दिए ।

यसैगरी, नेकपाबाट तनहुँ-१ मा विद्यानाथ ढकाल र क्षेत्र नं. २ मा सोमबहादुर थापा (एसबी. थापा) उम्मेदवार चयन भएका छन् । नयाँ राजनीतिक शक्तिका रूपमा देखिएको उज्यालो नेपाल पार्टीले पनि दुवै क्षेत्रमा उम्मेदवार घोषणा गरेको छ। पार्टीले तनहुँ-१ बाट मन्जिल राना र तनहुँ-२ बाट मनराज गुरूङलाई उम्मेदवार बनाएको छ। त्यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले तनहुँ-१ बाट स्वर्णिम वाग्लेलाई उम्मेदवार बनाएको छ भने क्षेत्र नं. २ मा उम्मेदवारको नाम सार्वजनिक हुन बाँकी छ ।

**नेपाली कांग्रेस तनहुँ : उम्मेदवारी मनोनयन पार्टी नेताको उपस्थितिमा गरिने**

नेपाली कांग्रेस जिल्ला कार्यसमिति तनहुँको बैठक आइतबार पार्टी सभापति जीतप्रकाश आलेको सभापतित्वमा सम्पन्न भएको छ । बैठकले नेपाली कांग्रेस वर्तमान सन्दर्भमा थप संगठित भई आसन्न प्रतिनिधि सभाको निर्वाचनलाई लक्षित गर्दै आवश्यक रणनीति तय गरेको छ। बैठकमा आगामी फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा निर्वाचनका लागि उम्मेदवार मनोनयन दर्ता प्रक्रिया पार्टीको उपस्थितिमा सम्पन्न गर्ने निर्णय गरिएको छ । निर्णयअनुसार आगामी माघ ६ गते तनहुँ जिल्लाका दुवै निर्वाचन क्षेत्रमा हुने उम्मेदवारी मनोनयन दर्ता नेपाली कांग्रेस पार्टीका साक्षीहरूको उपस्थितिमा सम्पन्न गरिने भएको छ ।

त्यसैगरी बैठकमा नेपाली कांग्रेस तनहुँका जिल्ला पदाधिकारी, सदस्य तथा भ्रातृसंस्थाका प्रतिनिधिहरूले पार्टी संगठन सुदृढीकरण र आसन्न निर्वाचनमा अपनाउनुपर्ने रणनीतिबारे आ-आफ्ना धारणा व्यक्त गरेका थिए । बैठकले पार्टीलाई एकताबद्ध र प्रभावकारी बनाउँदै निर्वाचनमा सशक्त उपस्थिति जनाउने प्रतिबद्धता व्यक्त गरेको छ । उक्त जानकारी नेपाली कांग्रेस जिल्ला कार्यसमिति तनहुँका प्रवक्ता हरि प्रसाद वालेले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

# सम्पादकीय ............

www.bhanjyangnews.com

## ऐना पहरा : पर्यटनको नयाँ गन्तव्य

नेपालको पर्यटन हिमाल, पहाड र तराईका विविधता मात्रै होइन, त्यहाँका संस्कृति, कला, धर्म, जातीय पहिचान, जैविक विविधता र मानवीय सिर्जनशीलताको संगम हो । पछिल्ला वर्षहरूमा पर्यटन फुर्सदको मनोरञ्जन मात्र नभएर ज्ञान, अनुभूति र आत्मिक सन्तोषको माध्यम बनेको छ । यो मानवीय स्वभाव पनि हो– जहाँ नयाँ र अद्भुत कुरा देखिन्छ, त्यहीँ पुग्न मन लाग्छ । पृथ्वी राजमार्गमा यात्रा गर्दा तनहुँको आँबुखैरेनी र मर्स्याङ्दी जलविद्युत परियोजनाको बीचमा पर्ने "ऐनापहरा" त्यस्तै एक मनमोहक गन्तव्य बन्दै गएको छ । यहाँको झरना र झरनासँगै चट्टानमा कुँदिएका मूर्ति तथा अन्य पूर्वाधारले यात्रुहरूलाई अवरोध गरिरहेजस्तो लाग्छ । तर त्यो अवरोध होइन, आकर्षण हो । निजी सवारीमा यात्रा गर्ने पर्यटकहरु यहाँ रोकिन्छन्, झरनाको सौन्दर्य र पहरामा कुँदिएका मूर्तिको कला निहाल्छन् । सेल्फी, भिडिओ, पारिवारिक तस्बिरको पृष्ठभूमि बन्छ यो दृश्य।

ऐनापहरामा अहिले हात्ती, गणेश, आमा–छोराको माया जस्ता आकृतिहरु ढुङ्गामा कुँदिएका छन् । यो पहरालाई कलाको माध्यमबाट बोल्ने बनाइएको छ । आँबुखैरेनी गाउँपालिकाले ऐनापहरालाई गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीयस्थल बनाउने योजनामा रहेको छ। स्काइ साइक्लिङ, सिसाको पुल र पार्क निर्माणजस्ता पूर्वाधार विस्तार भइरहेका छन् । झरनामा रमाउनेको भिड हिउँदको तुलनामा वर्षायाममा बढी हुन्छ । ऐनापहरामा रहेको झरना महाभारत पर्वत श्रृंखलाबाट बगेर आएको सिउँदी खोलाबाट बनेको हो । प्रकृतिको श्रृंगार र मानवीय सिर्जनाको संगमले यहाँको पर्यटनमा नयाँ जीवन फुकाएको छ ।

नेपालको मूर्तिकलाको इतिहास प्राचीन कालदेखि सुरू भएको हो । लिच्छवि कालदेखि शाहकालसम्म, अनि आधुनिक युगमा पनि कलाकृतिहरु ढुङ्गामा अमर बनाइएका छन् । ऐनापहराको मूर्तिकला पनि त्यही परम्पराको निरन्तरता हो, जुन पर्यटकको आँखाले अनुभव गर्छ । गण्डकी प्रदेशको प्रवेशद्वार रहेको आँबुखैरेनी बजार इतिहास र धार्मिक दृष्टिले पनि महत्वपूर्ण छ । राजा राम शाहले अन्तिम प्राण त्यागेको भनिएको रामशाह घाट, दरौदी र मर्स्याङदीको दोभानजस्ता स्थलहरूले यस ठाउँको ऐतिहासिक गाथा बोकेका छन् । यात्रा केवल दृश्यदर्शन मात्र होइन, भावना, ज्ञान र आत्मिक अनुभव पनि हो । यही यात्रा छिम्केश्वरी नपुगी अधुरो रहन्छ । महाभारत पर्वतमा अवस्थित छिम्केश्वरी २१५० मिटरको उचाइमा रहेको रमणीय तीर्थ हो । यो तनहुँको सबै भन्दा अग्लो पहाडी श्रृंखलाका रूपमा ठडिएर बसेको छ । यहाँबाट हिमश्रृंखला, चितवनदेखि काठमाडौंसम्मका भूभाग र दर्जनौं नदीहरु देख्न सकिन्छ । मनकामनाकी माइली बहिनीका रूपमा पुजिँदै आएकी छिम्केश्वरी माईको दर्शनले मनोकामना पूरा हुने जनविश्वास छ।

छिम्केश्वरी पुग्नका लागि लाब्दी हुँदै २५ मिनेटको छोटो पैदल यात्राबाट मन्दिर पुग्न सकिन्छ । यहाँ सामुदायिक होमस्टे छन्, जहाँ पर्यटकले गुरूङ संस्कृतिको स्वाद, स्थानीय खानाका परिकार र आत्मीय आतिथ्यता अनुभव गर्न सक्छन् । ऐनापहराको झरना र छिम्केश्वरीको अध्यात्मिक उचाइबाट फर्कदा मर्स्याङ्दी जलविद्युतको जलाशयमा मोटरबोटको सयर अर्को रमणीय अनुभूति हो । जलाशयमा फ्लोटिङ डेक, रिभर भ्यु, रेस्टुरेन्टजस्ता सुविधा छन्। यो क्षेत्रमा मोटरबोट सयर गर्ने पर्यटकले फोटोग्राफी, भिडिओ निर्माण लगायतका रमाइला गतिविधि गर्ने गरेका छन् ।

तनहुँमा अन्य पर्यटकीय गन्तव्यहरु : बन्दीपुर, देवघाटधाम, छाब्दी वराही, व्यास गुफा, घाँसीकुवा, मिर्लुङकोट, भानुभक्तको जन्मस्थल चुँदी रम्घा आदि पनि उत्तिकै लोभलाग्दा छन् । यिनमा सडक पुगिसकेको छ, पूर्वाधार विस्तार भइरहेका छन्। अहिलेको पर्यटन विकास प्रवृत्तिमा हेर्दा प्राकृतिक सौन्दर्यमा सिर्जनात्मक हस्तक्षेपले थप आकर्षण थपेको छ । मूर्तिकलाजस्ता त्रिआयामिक कलाले पर्यटन स्थललाई केवल देखिने मात्र होइन, अनुभूत हुने बनाउँछ । ऐनापहराको मूर्तिकला र झरना, छिम्केश्वरीको अध्यात्म, जलाशयको मोटरबोट र होमस्टे संस्कृतिको संगमले आँबुखैरेनीलाई नेपालको नयाँ बहुआयामिक पर्यटन गन्तव्य बनाउँदै लगेको छ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# राजनैतिक संगठन कसैको प्याउते हुँदैन

नेपाली कांग्रेस किन फुट्यो र यो फुटबाट कसलाई फाइदा पुग्छ भन्ने प्रश्नको उत्तर भविष्यले नै दिनेछ । तर यस घटनाले दिएको सन्देश भने स्पष्ट र सकारात्मक छ– कुनै पनि राजनीतिक पार्टी कसैको निजी प्याउते हुँदैन। जब पार्टीलाई व्यक्तिगत सम्पत्ति ठान्ने सोच हाबी हुन्छ, त्यहीँबाट विद्रोहको बीउ उम्रिन्छ। अहिले देखिएको फुट पनि त्यसैको एउटा परिणाम हो ।

गगन थापा र विश्वप्रकाश शर्मा कति देशभक्त छन् वा उनीहरूले विदेशी हितमा काम गर्छन् भन्ने बहस अहिलेको सन्दर्भ होइन। उनीहरूबारे विगतमा विभिन्न टीकाटिप्पणी भएकै हुन्। तर अहिलेको यथार्थ के हो भने उनीहरूबीच लामो समयदेखि आन्तरिक खिचातानी चल्दै आएको थियो। एक–अर्काप्रति सार्वजनिक आलोचना हुनु, असन्तुष्टि बाहिर प्रकट हुनु र पार्टीभित्र गुट–उपगुट तीव्र बन्दै जानु सबैलाई थाहा भएकै कुरा हो।

विशेषगरी 'जेन्जी विद्रोह' पछि देउवा दम्पती जनआक्रोशको केन्द्रमा परे। त्यसपछि गगन थापा समूहले विशेष महाधिवेशनको माग गर्दै आएको थियो। उनीहरूको स्वर पनि युवा पुस्ताको असन्तुष्टिसँग मिल्दोजुल्दो थियो। यद्यपि 'युवाको नेतृत्व' भन्ने नाराभन्दा पनि नेतृत्व सक्षम, निष्पक्ष, निस्कलंक र दूरदृष्टि भएको हुनुपर्छ भन्ने कुरा बढी महत्वपूर्ण हो। नेतृत्व तन्नेरी होस् वा वृद्ध– त्यसले अर्थ राख्दैन; निर्णायक कुरा भनेको राष्ट्रियता, जनताको हित र स्पष्ट राजनीतिक भिजन हो ।



नेपाली कांग्रेसको इतिहास हेर्दा पनि यस्ता उतारचढाव नयाँ होइनन्। राणाकालीन निरंकुशता विरुद्ध संघर्षको अगुवाइ गर्ने पहिलो प्रजातान्त्रिक शक्ति नेपाली कांग्रेस नै हो। तर समयक्रममा पार्टी कहिले भारतको नजिक त कहिले दरबारको नजिक झुक्दै आएको यथार्थ पनि लुकाउन मिल्दैन ।

**सुरेशकुमार पाण्डे**

देशको वर्तमान अवस्था र पार्टीभित्रको विद्रोहलाई मध्यनजर गर्दै शेरबहादुर देउवाले स्वयं विशेष महाधिवेशनमा पुगेर मैत्रीपूर्ण ढंगले सक्षम नेतृत्वलाई जिम्मेवारी हस्तान्तरण गर्ने पहल गर्नुपर्थ्यो। त्यसो भएको भए सम्भवतः पार्टी फुट्नबाट जोगिन सक्थ्यो। पार्टी विधानअनुसार करिब ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष अधिवेशनको माग गरेको भनिएको अवस्थामा त्यसलाई संवादबाट समाधान गर्नुको साटो गगन थापा, विश्वप्रकाश शर्मालगायतलाई कारबाही गर्दै सदस्यतासमेत खोस्नु विद्रोहलाई झन् चर्काउने कदम बन्यो ।

यस्तो प्रवृत्ति नेपाली कांग्रेसमा मात्र होइन, नेपालका धेरैजसो राजनीतिक दलहरूमा देखिने साझा रोग हो। पदमा पुगेपछि पार्टी सकिए पनि पद नछोड्ने मानसिकता व्यापक छ। राजनीतिक दल कुनै एक व्यक्तिको स्वामित्व होइन; यो कार्यकर्ता, समर्थक र जनताको सामूहिक योगदानबाट बनेको संस्था हो। तर नेतृत्व तहमा पुगेपछि "यो पार्टी मेरो हो", "कार्यकर्ता मेरा रैती हुन्" भन्ने भ्रम पलाउँछ। यही भ्रमले गलत निर्णयहरु जन्माउँछ, ती निर्णय कार्यान्वयन हुँदैनन् र अन्ततः पार्टीभित्र विस्फोट हुन्छ ।

नेपाली कांग्रेसको इतिहास हेर्दा पनि यस्ता उतारचढाव नयाँ होइनन्। राणाकालीन निरंकुशताविरूद्ध संघर्षको अगुवाइ गर्ने पहिलो प्रजातान्त्रिक शक्ति नेपाली कांग्रेस नै हो। तर समयक्रममा पार्टी कहिले भारतको नजिक त कहिले दरबारको नजिक झुक्दै आएको यथार्थ पनि लुकाउन मिल्दैन ।

वि.सं. २००६ साल चैत २७ गते नेपाल राष्ट्र कांग्रेस र नेपाल प्रजातान्त्रिक कांग्रेसको एकीकरणपछि नेपाली कांग्रेसको औपचारिक स्थापना भएको हो। यसको बीउ भने वि.सं. २००३ साल असोज १६ गते बीपी कोइरालाले भारतको पटनाबाट प्रकाशित 'द सर्चलाइट' पत्रिकामार्फत भारतमा रहेका नेपालीहरूलाई संगठित हुन आह्वान गरेपछि रोपिएको मानिन्छ। त्यसै आह्वानको परिणामस्वरूप २००३ साल कार्तिक १५ गते अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस स्थापना भयो, जसमा जयप्रकाश नारायण र राममनोहर लोहियालगायत भारतीय समाजवादी नेताहरूको सहयोग थियो।

त्यो समय अंग्रेजी शासनविरूद्ध भारत र राणाशाहीविरूद्ध नेपालमा समानान्तर संघर्ष चलिरहेको थियो। नेपालीहरूले भारतीय स्वतन्त्रता आन्दोलनमा सहयोग गरेका कारण भारतीय नेताहरु पनि नेपालमा प्रजातन्त्र स्थापनाको पक्षमा देखिनु स्वाभाविक थियो। कोइराला परिवारको योगदान निश्चय नै ऐतिहासिक र सम्माननीय छ। तर कसैले ठूलो योगदान दियो भन्दैमा पार्टीलाई उसको निजी सम्पत्ति बनाउनु गलत हो।

वैरगानिया सम्मेलन, सशस्त्र संघर्षको तयारी, वीरगञ्ज र विराटनगरलाई आन्दोलनको केन्द्र बनाउने साहस- यी सबै कांग्रेसको गौरवपूर्ण इतिहासका पाटा हुन्। तर समयसँगै कांग्रेस कोइराला परिवारको प्रभावमा सीमित हुँदै गएको अनुभूति धेरैले गरे। २०१५ सालको निर्वाचनपछि सरकार बने पनि २०१७ साल पुस १ को घटनापछि पार्टीभित्र राजावादी र भारतपरस्त धारहरु झन स्पष्ट भए ।

नेपाली कांग्रेसमा फुट–जुटको इतिहास लामो छ। अहिलेको फुट नौलो नभए पनि यसको सन्देश भने गम्भीर र दूरगामी छ । गगन थापा नेतृत्वको पक्षले पुस २७ देखि ३० गतेसम्म विशेष महाधिवेशन सम्पन्न गरी त्यसलाई विधिसम्मत भएको दाबी गर्दै निर्वाचन आयोगमा उजुरी दिएको छ । लेख लेखिँदै गर्दा माघ २ गते २०८२ मा निर्वाचन आयोगले धारा ५१ अनुसार गगन थापालाई वैधानिकता दिएको खबर सार्वजनिक भइसकेको छ ।

अब शेरबहादुर देउवा पक्षले पनि यही यथार्थ स्वीकार गर्नुपर्ने अवस्था आउन सक्छ। यहाँसम्म कि भविष्यमा "मलाई पनि तिम्रो समूहमा समेट" भन्ने परिस्थिति समेत सिर्जना हुन सक्दैन भन्न सकिँदैन। तर त्यो गगन थापा नेतृत्वको भूमिकामा निर्भर हुनेछ।

अन्ततः नेपाली कांग्रेसको यो फुटले केवल कांग्रेसलाई मात्र होइन, आफूलाई पार्टीको मालिक ठान्ने सबै राजनीतिक नेतृत्वलाई चेतावनी दिएको छ। पहिलेझैँ कार्यकर्ताले आँखा चिम्लेर आदेश पालना गर्ने समय सकिँदैछ। यदि नेतृत्वले समयमै आत्मसमीक्षा गरेन भने यस्तै अवस्था अन्य दलहरूमा पनि दोहोरिन सक्छ। यही सन्देश अहिलेको विद्रोहले सम्पूर्ण नेपाली राजनीतिलाई दिएको छ ।

# समानुपातिक बन्दसूचीका उम्मेदवारको नाम सार्वजनिक

रासस/काठमाडौं

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलबाट पेस भएका समानुपातिक तर्फका तीन हजार २१३ जना उम्मेदवारको बन्दसूची सार्वजनिक गरेको छ। प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२ को दफा २५ बमोजिम आज बन्दसूची सार्वजनिक गरिएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । सार्वजनिक विवरणमा ५७ निर्वाचन चिह्नमा ६३ राजनीतिक दलबाट पेस भएका तीन हजार २१३ जना उम्मेदवारको बन्दसूची प्रकाशन गरिएको उल्लेख छ ।

उक्त बन्दसूचीमा नाम समावेश भएका कुनै उम्मेदवारको योग्यताको सम्बन्धमा दाबी विरोध गर्न चाहने कुनै मतदाताले यही माघ ५ देखि माघ १० गतेसम्म बिहान १० देखि दिउँसो ४ बजेभित्र आयोगको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित भई दाबी विरोध गर्न आयोगले आग्रह गरेको छ । दाबी विरोधका लागि निर्देशिकाबमोजिम निर्धारित ढाँचामा उजुरी गर्न सकिने पनि आयोगका प्रवक्ता भट्टराईले बताउनुभयो ।

## तपाईको आज

**मेष**
प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। बोली-व्यवहारमा अलि सजग रहनुपर्ला।

**वृष**
तत्काल योजना सार्वजनिक नगर्नुहोला। आफन्त रिसाउने तथा काम बिग्रने डरले सताउनेछ।

**मिथुन**
फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ।

**कर्कट**
खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला। शुभचिन्तकहरूलाई बेवास्ता गर्नाले पनि दुःख पाइनेछ।

**सिंह**
लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ। आलस्य त्यागेर मिहिनेत गर्दा फाइदा उठाउन सकिनेछ।

**कन्या**
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**तुला**
अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला। आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ।


**वृश्चिक**
मिहिनेत गर्दा नसोचेको धन लाभ हुन सक्छ। अप्ठ्यारो परिस्थितिमा पनि केही काम सम्पादन हुनेछन्।

**धनु**
लगनशीलताले उपलब्धि दिलाउनेछ। व्यवसायमा फाइदा र सन्तानको साथले उत्साह जगाउनेछ।

**मकर**
मनोरञ्जनका लागि समय र धन खर्च हुन सक्छ। बेसुरमा आश्वासन दिने बानीले पनि दुःख पाइनेछ।

**कुम्भ**
स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ।

**मीन**
परिवारजनको साथले नयाँ कामतर्फ आकर्षित भइनेछ। प्रयत्न गर्दा यात्राको साइत पनि जुर्न सक्छ।




## बन्दीपुरमा पर्यटक

पहाडकी रानी उपनामनले परिचित पर्यटकीय नगरी तनहुँको बन्दीपुरमा आइतबार आइपुगेका आन्तरिक पर्यटक । पर्यटकीययाम सुरू भएदेखि बन्दीपुरमा आन्तरिक तथा वाह्य पर्यटकको आगमन बढेको छ । बन्दीपुरको ऐतिहासिक पृष्ठभूमि, परम्परागतशैलीका पुराना घर, सफा र शान्त वातावरण, प्राकृतिक तथा साँस्कृतिक लगायतका क्षेत्रले पर्यटकहरूलाई लोभ्याउने गरेको छ ।

*तस्विर : भञ्ज्याङ*

# जुनारखेती : कम मेहेनतमा मनग्य आम्दानी

**रासस**/रामेछाप

यहाँका युवाहरु वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ आकर्षित भएका छन् । कम मेहेनत र लगानीमा राम्रो आम्दानी हुने भएपछि उनीहरु यस पेसातर्फ लागेका हुन् । विशेषगरी जिल्लाका युवा वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ लागेको रामेछाप नगरपालिकाका कृषि शाखा प्रमुख कृष्ण भुजेल बताउनुहुन्छ । उहाँका अनुसार रामेछाप ६ ओखेनीका हिमाल तामाङ, टेकबहादुर तामाङ, प्रेमबहादुर तामाङ र वडा नं ७ सुकाजोरका रामकुमार कार्कीलगायत युवाहरु वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ लागेको जानकारी दिनुभयो ।

उहाँले अन्य किसानको भन्दा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको जुनार बगैँचा राम्रो र धेरै फल्ने गरेको पनि बताउनुभयो । उहाँले भन्नुभयो, "उहाँहरु विदेशमा मेहेनत गर्ने बानी परेर होला आफ्नो जुनार बगैँचामा पनि पर्याप्त समय दिनुहुन्छ, अनि बगैँचा राम्रो र सफा भएपछि दाना पनि चिल्ला र ठूलो हुने गरका छन्, अरू जुनार किसानको तुलनामा उहाँहरूको जुनार बढी बिक्री हुने गरेको जानकारी मलाई प्राप्त भएको छ ।"

जुनारखेती गरेको जमिनबाट दोहोरो आम्दानी पनि हुने गरेको छ। जुनार बगैँचाभित्र तोरी, भटमासलगायत कोसेबाली, बन्दा, काउली, मुला, साग, गाँजर, लसुन, प्याजजस्ता तरकारी बालीसमेत उत्पादन गरी थप आम्दानी लिन सकिने रामेछाप नगरपालिका–७ की किसान ज्ञानुका कार्की बताउनुहुन्छ।

जुनारखेतीबाट दोहोरो आम्दानी लिन सकिने भएकाले उनीहरूको आकर्षण यस खेतीतर्फ बढेको हो । बर्सेनि जुनारखेती विस्तार गर्दै गएमा उत्पादन वृद्धि हुने र जुनारले उत्पादन दिन थालेपछि बगैँचाबाटै प्रतिकिलो रू ६० देखि ८० सम्ममा बिक्री हुने गर्दछ । जुनार बगैँचाभित्रको तरकारी तथा कोसे बालीले पनि राम्रो आम्दानी दिने गरेको कार्कीले बताउनुभयो । यसरी जुनारबाट दोहोरो फाइदा हुन थालेपछि पछिल्लो समयमा यहाँका किसान जुनारखेतीतर्फ अकर्षित भएका हुन्।

विदेशको जति स्वदेशमै मेहेनत गर्ने हो भने वैदेशिक रोगजारीभन्दा कम यस खेतीबाट पनि नहुने किसानहरूको दाबी छ । आफू भारतको गुजरातमा २५ वर्ष बसेर चालकको काम गरे पनि त्यहाँको आम्दानी खासै चित्त नबुझेर स्वदेशमै केही गर्ने अठोटका साथ गाउँ फर्किएर करिब २० रोपनी जमिनमा जुनारखेती गरेको र त्यसमा आफू सन्तुष्ट रहेको रामेछाप नगरपालिका–६ का युवा व्यवसायी हिमाल तामाङले बताउनुभयो ।

यसअघि आफू वैदेशिक रोजगारीका क्रममा मलेसिया गएको र पाँच वर्ष बसेर धेरै दु:ख गर्दा पनि सन्तोषजनक आम्दानी नभएकाले आफू स्वदेश फर्केर करिब १५ रोपनी जग्गामा जुनारखेती गरेको अर्का किसान रामकुमार कार्की बताउनुहुन्छ। उहाँले भन्नुभयो, "विदेशमा जाने पैसा लागनी गरेर स्वदेशमै केही गर्ने होभने धेरै दु:ख नगरी परिवारसँग रमेर बस्न पाइन्छ । खाडी मुलुकमा गएर पैसा कमाएर ल्याउने सपना बोकेर जाने युवाहरूले स्वदेशमै उपयुक्त वयवसाय छानेर काम गर्ने होभने पक्का पनि विदेशको भन्दा राम्रो आम्दानी हुनेरहेछ ।"

आफूले लामो समय खाडी मुलुकमा बसेर काम गरेको, आफूजस्ता लेखपढ नभएकालाई विदेशमा पनि सजिलो काम पाउन मुस्किल भएकाले त्यहाँको काम छाडेर स्वादेश फर्किएको, साथीभाइको अनुरोधमा करिब सात रोपनी जग्गामा गरेको जुनारखेतीबाट आफू सन्तुष्ट भएको रामेछाप नगरपालिका–६ ओखेनीका किसान टेकबहादुर तामाङ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "अब म फेरि तीन सय बोट थप जुनार रोपेर यसलाई नै राम्रो स्याहार गर्छु।"

गत वर्ष रामेछाप जिल्लामा पाँच सय ४० हेक्टर क्षेत्रमा जुनार तथा सुन्तलाको खेती गरिएको भए पनि चालु आवमा लिखु तामाकोसी गाउँपालिकामा एक सय हेक्टर थप भएकाले हाल छ सय ४० हेक्टरमा जुनारखेती भइरहेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ मन्थलीका नायब प्राविधिक सहायक भवानी बस्नेतले बताउनुभयो।

परियोजनाले रामेछाप, मन्थली नगरपालिका तथा लिखु तामाकोसीको केही वडालाई जुनार जोनका रूपमा लिई विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। जुनार उत्पादनका लागि आवश्यक प्राविधिक सहयोग, चिस्यान केन्द्र निर्माणलगायत कार्यक्रम सञ्चालन भइरहेका छन् ।

रामेछाप उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले जुनार किसानलाई बजारको कुनै समयस्या नहुने बताउनुभयो । किसानले उत्पादन गरको जुनारले बजार नपाउने समस्या हामी हुन दिंदैनौँ, अन्यत्र जिल्लासँग समन्वय गरेर बिक्रीका लागि सहजीकरण गर्नेछौँ भन्नुभयो । हिजोआज बगैँचाबाट प्रतिकिलो रू ६० देखि ७० र बजारमा रू ८० देखि एक सयसम्ममा बिक्री हुँदै आएको छ । यहाँ उत्पादन भएका जुनार छिमेकी जिल्ला सिन्धुली, दोलखा र राजधानी काठमाडौँसम्म पठाएर बिक्री गरिने गरिएको छ । रामेछापमा उत्पादनमा सहजता तथा बजारको समस्या नभएका कारण पनि यो व्यवसायप्रति किसानको आकर्षण बढेको पाइन्छ ।

दैनिक रुपमा हजारौँका सङ्ख्यामा विदेशिने युवालाई यस्ता कृषि कर्ममा स्थानीय पालिकाहरूले विभिन्न अनुदान दिएर लगाउन सके रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता अन्त्य हुने जुनार समन्वय समितिका अध्यक्ष गुञ्जबहादुर कार्की बताउनुहुन्छ ।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

**एकीकृत सेवा कार्यालय, तनहुँ**

दमौली, तनहुँ

**लिखित दाबी पेश गर्ने सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१०/०५*

एकीकृत सेवा कार्यालय, तनहुँमा मिति २०७८/०६/१३ मा दर्ता भएको प्रा.फ./सा.फ.नं. ११७७१/०७८/०७९ को **शुक्ला प्याकेजिङ उद्योग (शु.न.पा.–९, तनहुँ)** नामको प्राइभेट फर्म/साझेदारी फर्म खारेजी गरी पाउँ भनि प्रोपाइटर **श्री शर्मिला पौडेल वि.क. (फिरफिरे–७, तनहुँ)**, को निवेदन परेकोले उक्त उद्योगसंग कसैको कुनै प्रकारको लेनदेन वा दायित्व बाँकी रहेको भए सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र सो को प्रमाण सहितको लिखित दाबी **एकीकृत सेवा कार्यालय, तनहुँ**मा पेश गर्न यो सूचना प्रकाशन गरिन्छ ।

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**माघ १० गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
**वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ**
**(Manipal Teaching Hospital, Pokhara)**

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरु:**

**१. छाला सम्बन्धी रोगहरू:**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

**२. यौनरोग सम्बन्धी समस्याहरू** (Male/Female):
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

**३. कुष्ठ** (Leprosy) **रोग:**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन

**४. सौन्दर्य चिकित्सा** (Aesthetic Dermatology):
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

**प्रत्येक महिनाको शनिबार :** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तै:- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

**अभिभावकले बुलिङ्ग भएको कसरी थाहा पाउने ?**


**विद्यालय जान नमान्ने/नचाहने**


**अचानक चुप लाग्ने वा उदास हुने**


**साथिहरूसँग टाढा रहने**


**शरीरमा चोटपटक लाग्ने, लुगा च्यातिने वा सामान हराउने**

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७, ९८५६०६०३७६, ९८०६६१३३४०
Email : bhanjyangdml@gmail.com, www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.डु.द.नं. २/२०७८/०७९




## सांगितिक प्रस्तुती

तनहुँको दमौलीमा जारी आदिवासी जनजाति तनहुँ साँस्कृतिक एवं पर्यटन महोत्सवमा आइतबार सांगितिक प्रस्तुती दिँदै लोक गायीका शान्तिश्री परियार र उनको प्रस्तुतीमा रमाउँदै महोत्सवका दर्शकहरू ।

*तस्विर : भञ्ज्याङ*

# नेपाली कांग्रेस स्वतन्त्र अभियान तनहुँ (जोशी समूह)को जिल्ला भेला

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाली कांग्रेस स्वतन्त्र अभियान तनहुँ (जोशी समूह)को आइतबार दमौलीमा जिल्ला भेला गरिएको छ । जिल्ला संयोजक हरिशरण पण्डित अध्यक्षतामा आयोजित भेलामा नेपाली कांग्रेसका नेता सुकुमलाल गुरूङ प्रमुख अतिथि रहेका थिए ।

भेलामा नेपाली कांग्रेसकी नेत्री तथा संविधान सभा सदस्य उर्मिला थापा, कांग्रेस महाधिवेशन प्रतिनिधि डिल्लीराम अधिकारी, नेताहरु घनश्याम घिमिरे, परशुराम गिरी, ऋषिराम पोखरेल, दीपकराज जोशी, भानु नगरपालिका-१ का वडा अध्यक्ष विमलराज जोशी, नरेन्द्र थापा, केशरबहादुर गुरूङ, क्या रेशमबहादुर गुरूङ, प्रताप सिंह अधिकारी लगायतले आ-आफ्ना विचार व्यक्त गरेका थिए ।



भेलामा वक्ताहरुले समसामयिक राष्ट्रिय राजनीति, नेपाली कांग्रेसको विशेष महाधिवेशनले पार्टीभित्र पारेको प्रभाव, संगठन सुदृढीकरण तथा आगामी निर्वाचनका रणनीतिबारे विस्तृत छलफल गरेका थिए। उनीहरूले पार्टीको मूल मर्म, लोकतान्त्रिक मूल्य-मान्यता र जनताको अपेक्षालाई आत्मसात गर्दै स्वतन्त्र अभियानलाई अघि बढाउनुपर्नेमा जोड दिएका थिए।

छलफलका क्रममा स्वतन्त्र अभियान जोशी समूहबाट उम्मेदवार छनोट, नेपाली कांग्रेससहित अन्य राजनीतिक दलहरूसँग सम्भावित निर्वाचन सहकार्य र त्यसका आधारबारे गहन बहस भएको थियो। सहभागीहरूले स्थानीय आवश्यकता, जनभावना र संगठनात्मक क्षमतालाई प्राथमिकतामा राखेर उम्मेदवार तय गर्नुपर्ने धारणा राखेका थिए।

भेलाले सर्वसम्मत रूपमा उम्मेदवार सिफारिससमेत गरेको छ। सिफारिसअनुसार क्षेत्र नम्बर १ बाट सुकुमलाल गुरूङ र दीपकराज जोशी तथा क्षेत्र नम्बर २ बाट हरिशरण पण्डित र नरेन्द्र थापा मगरलाई उम्मेदवारका रूपमा सिफारिस गरिएको छ ।

त्यसैगरी, आगामी निर्वाचनलाई लक्षित गर्दै विभिन्न राजनीतिक दलहरुसँग निर्वाचन सहकार्यका विषयमा छलफल र संवाद अघि बढाउन हरिशरण पण्डितको संयोजकत्वमा वार्ता समिति गठन गरिएको छ । समितिमा सुकुमलाल गुरूङ, उर्मिला थापा, दीपकराज जोशी, ऋषिराम पोखरेल, नरेन्द्र थापा र प्रताप सिंह अधिकारी सदस्य रहेका छन्।

भेलामा सहभागी नेताहरूले स्वतन्त्र अभियान जोशी समूहलाई थप संगठित र प्रभावकारी बनाउँदै पार्टीभित्र सकारात्मक दबाब सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याएका थिए। साथै, जनस्तरसम्म पुग्ने कार्यक्रम सञ्चालन गर्दै संगठन विस्तारमा जोड दिने निर्णयसमेत भेलाले गरेको छ।

## facebook twitter



**Tara Nath Dahal**
x.com/tndahal7

कुनै पदमा निर्वाचित भएपछि स्वास्थ्य अवस्थाले बाहेक जनादेशले दिएको समय अवधी पुरा नगरी अर्को पदको लालसामा राजिनामा गरेर हिंड्नु- मतदातालाई धोका हो । अवसरवादी हो। जवाफदेही नहुनु पनि हो। साथै सो पदको नयाँ निर्वाचन गर्न लाग्ने राष्टको अर्को खर्च-भ्रष्टाचार गरे सरह हो। आज धेरैले यसै गरे !



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

१९९० पछिको नेपालमा real economy खोक्रो बनाइयो र विचौलियामुखी वित्तीयकरण प्रोत्साहित गरियो। शिक्षा बिग्रियो, प्रतिभा पलायन भयो, रोजगारी हरायो। खोक्रो अर्थतन्त्रले गर्दा मासस्केलमा युवा पलायन। यो दुष्चक्र उल्ट्याउन जो कसैलाई असाध्यै कठिन छ।



**Rudra Pandey**
x.com/rudrarajpandey

मेयर हुँदा बिकाश बजेटको ५०% खर्च गर्न सकेन। सबैसंग झगडा गरेर बस्यो- प्रमसंग झगडा, मन्त्रीसंग झगडा, वडा अध्यक्षसंग झगडा, उपत्यकाका अरु मेयरसंग झगडा, महानगरका कर्मचारीसंग झगडा। फोहर मैलाको ब्याबस्थापन भएन। सडकमा धुलो उडेर हिडन मिलदैन। मेयर भर सडकमा कति दिन पैदल हिड्यो ? बिकाश बजेट १००% खर्च गरेर सडक पखालेको भए पनि केही गऱ्यो भन्न हुन्थ्यों नि। कसैसंग मिलेर काम गर्न नसकनेले कसरी देश चलाउने? अनि फेसबुके सन्कीलाई भोट देर प्रम बनाउन पर्ने? नैतिकता समेत सुन्य रेछ- लास्टमा गर ठगको शरण पर्यो ।

www.bhanjyangnews.com

# नेपाल सुर्ती उद्योगको हस्तक्षेप गर्ने मुलुकमध्ये मध्यममा

रासस/काठमाडौं

नेपाल सुर्ती उद्योगको हस्तक्षेत हुने मुलुकमध्ये मध्यममा परेको छ । स्वास्थ्य अधिकार तथा सुर्तीजन्य नियन्त्रण सञ्जाल नेपालले आज 'सुर्ती नियन्त्रणमा उद्योगको हस्तक्षेप प्रतिवेदन' सार्वजनिक कार्यक्रममा सञ्जालका अध्यक्ष शान्तलाल मुल्मीले नेपालमा सरकारी निकाय कानुनको कार्यान्वयन फितलो तथा उदासीन हुनमा अप्रत्यक्ष रूपमा सुर्ती उद्योगको प्रलोभनमा देखिएको बताउनुभयो ।

'ग्लोबल गभर्नेन्स अन टोवाको कन्ट्रोल'ले विश्वमा सय देशमा गरेको अध्ययनमा नेपाल ४३ अंक प्राप्त गरी १४औँ स्थानमा रहेर सुर्ती उद्योगको हस्तक्षेप मुलुकमा परेको छ । ब्रुनाई सुर्ती उद्योगको हस्तक्षेप नहुने मुलुकमा पर्दछ । सबैभन्दा बढी सुर्ती उद्योगको हस्तक्षेप हुने मुलुकमा डोमिनी रिपब्लिक, स्विजरल्यान्ड र अमेरिका परेका छन् ।

सञ्जालका अध्यक्ष मुल्मीले अध्ययनमा सुर्ती उद्योगले उत्पादन, आम्दानी र बजारीकरणमा गरेको खर्च सार्वजनिक नगरी आˆनो दायित्वबाट पन्छिने गरेको पाइएको बताउनुभयो । "आन्तरिक राजस्व विभागले सुर्तीको बिक्री-वितरणका सम्बन्धमा अनुगमन तथ्याङ्क गरी राख्नुपर्नेमा त्यो नहुनु र दक्षिण एसियाली देशमध्ये नेपालमा सुर्ती कर सबैभन्दा कम हुनु उद्योगीको दबाब र प्रभाव हो भन्ने आधार रहेका छन्," उहाँले भन्नुभयो ।

अध्ययनमा सुर्ती उद्योगीको प्रत्यक्ष र अप्रत्यक्ष हस्तक्षेपका कारण सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन हुन नसकेको उल्लेख गरिएको छ। अध्ययनमा ७५३ स्थानीय तहमध्ये केहीले मात्र सुर्तीजन्य पदार्थ नियन्त्रणमा उल्लेखनीय कार्य गरेको बताइएको छ।

राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक डा राधिका थपलियाले सबैको सहयोगबाट नै सुर्ती उद्योगको हस्तक्षेपलाई रोक्न सक्ने बताउनुभयो। उहाँले युवालाई आकर्षण गरी सुर्ती उद्योगले भेप र हुक्का जस्ता सुर्तीजन्य पदार्थको बिक्री-वितरण गरिरहेको भन्दै स्थानीय स्तरबाट नै सुर्ती उद्योगलाई रोक्नुपर्ने बताउनुभयो।

**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
**फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।**

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।**

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरनजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हीटरनजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४